फोन नं. (Tel. No.) ०१-४४५१२४२ (01-4451242)
०१-४४५०३५६ (01-4450356)
०१-४४५२००० (01-4452000)

# कागेश्वरी-मनोहरा नगरपालिका
# KAGESHWORI-MANOHARA MUNICIPALITY

नगर कार्यपालिकाको कार्यालय (Office of Municipal Executive)
डाँछी, काठमाडौं, नेपाल (Danchhi, Kathmandu, Nepal)
बागमती प्रदेश (Bagmati Province)

मितिः२०७८/०३/११

## प्रेस विज्ञप्ति

कागेश्वरी मनोहरा नगरपालिकाको पाँचौं नगर सभा उपप्रमुख श्री विन्दु पुडासैनी सिंखडाको अध्यक्षतामा मिति २०७८ साल आषाढ ७ गते सुरु भै नगर प्रमुख श्री कृष्णहरी थापा बाट २०७८ साल आषाढ १० मा सम्पन्न भयो। उक्त नगरसभाले गरेका निर्णयहरु जानकारीका लागि यो प्रेश विज्ञप्ति जारी गरिएको छ।

१. आ.व.२०७८/०७९ को विनियोजन विधयक तथा आर्थिक विधयक पारित गरी चालु तर्फ रु ४७,५२,५९,०००/- तथा पूँजिगत तर्फ रु १,५६,२४,३३,०००/- गरी जम्मा रु २,०३,७६,९२,०००/- (दुई अर्व तिन करोड छयहत्तर लाख वयानव्वे हजार रुपैया) को बजेट अनुमोदन गरियो ।
२. नगरपलिकाको आन्तरिक मूल्याङ्कनबाट कम्जोर देखिएका सूचाङ्कको सुधार गरी बेरुजु फछ्र्यौट प्रकृयालाई अगाडी बढाई बेरुजु अंकलाई शून्यमा ल्याउने लेखा समितिको प्रतिवेदन पारित गरियो ।
३. विधायक समिति,न्यायिक समिति तथा सार्वजनिक सेवा तथा क्षमता विकास समितिहरुबाट प्रस्तुत भएका ऐन, कार्यविधि तथा प्रतिवेदन पारित गरियो ।
४. आदिवासी जनजाती (नेवार तथा तामाङ )समुदायको आयस्तर तथा संस्कृति सम्वर्दनका लागि कार्यक्रम तथा बजेटको व्यवस्था ।
५. कोभिड-१९ संक्रमण नियन्त्रण तथा उपचारका लागि नगर अस्पतालको क्षमता वृद्दि गरी आवश्यक औषधि तथा उपकरन खरिदका लागि बजेटको व्यवस्था ।
६. भौतिक पूर्वाधार, खानेपानी सुधार तथा विस्तारका लागि आवश्यक बजेटको व्यवस्था ।
७. कृषि, पर्यटन तथा लक्षीत वर्गका कार्यक्रम सञ्चालनका लागि योजना तथा योजनालाई आवश्यक पर्ने बजेटको व्यवस्था ।
८. सामुदायिक स्कुलमा अध्ययन गर्ने गरिव तथा न्यून आय भएका विद्यार्थीहरुलाई निशुल्क पोषाक र पाठ्यपुस्तकको व्यवस्था, एक शिक्षक एक ल्याप्टपको व्यवस्था साथै यस वर्षबाट प्राविधिक शिक्षातर्फ यस नगरपालिकामा रहेका सामुदायिक क्याम्पस वा उच्च मा.वि.मा पठन पाठनका लागि श्रोत र जनशक्तिको व्यवस्थापन ।
९. कर्मचारी कल्याण कोषमा थप रकमको व्यवस्था साथै कर्मचारी हाजिर भएको दिनको खाजा वापत दैनिक रु २००/- को व्यवस्था ।

राजाराम पुडासैनी
नगर प्रवक्ता